रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ६ रामग्राम, मंसिर १९ गते, २०८० साल संख्या ३

## भाग-२

### रामग्राम नगरपालिकाको सामाजिक उत्तरदायित्व सम्बन्धी कोष संचालन कार्यविधि, २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०८/१९

**प्रस्तावनाः** नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरको छ । देशको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने गरी शासन व्यवस्था सञ्चालन गर्ने आधार संविधानले तीन वटै तहलाई दिएको छ । तीन तह बीचको सम्बन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहहरुले संविधान बमोजिम प्रदान गरिएको जिम्मेवारी बहन गर्दै आएका छन । स्थानीय तहहरुले संविधान र कानूनद्वारा सुम्पिएका जिम्मेवारीहरु पूरा गर्न आन्तरिक स्रोत तथा संघ र प्रदेशवाट प्रदान गर्ने समानिकरण अनुदान, राजश्व बाँडफाँड, शसर्त अनुदान र विशेष अनुदान तथा रोयाल्टी जस्ता वित्तिय अधिकारलाई संविधान र अन्य कानूनहरुद्वारा सुनिश्चित गरिएको छ ।

स्थानीय तहको क्षेत्र भित्र कार्यरत सबै सरकारी निकायहरु, गैर सरकारी संघ संस्थाहरु तथा सामुदायिक संस्था, औद्यागिक तथा व्यापारिक संघ संस्थाहरु, बैकिंङ्ग क्षेत्र, बुद्धिजिवि वर्ग आदिलाई स्थानीय तहको सर्वाङ्गिण विकासमा समन्वयात्मक ढंगबाट सहभागी गराउने दायित्व सम्बन्धित स्थानीय तह कै हो । आफनो क्षेत्रको विकासमा बहुआयामिक र बहुपक्षीय भूमिका निर्वाह गर्न स्थानीय तहहरुले सबै निकायलाई जिम्मेवारी प्रदान गर्नु पर्दछ । अर्कोतर्फ सबै निकायहरुले स्थानीय तहले दिएको जिम्मेवारी बमोजिम कार्यसम्पादन गर्नु पनि उनीहरुको दायित्व समेत हो । नगरपालिकामा सामाजिक क्षेत्रमा काम गर्ने बिभिन्न निकायहरुबाट सम्पादन गरिने कार्यक्रमलाई एकीकृत

र एकद्वार प्रणालि बमोजिम सम्पादन गरिनु अपरिहार्य हुन्छ । सामाजिक उत्तरदायित्व अन्तरगत कार्य गर्ने निकायहरुले नगरपालिकाले तोकिदिएको कार्य क्षेत्र भित्रका कार्यक्रमहरु संचालन गर्न सक्दछन भने कुनै निकायहरुले आर्थिक रुपमा नगरपालिकाको कोषमा सहयोग गर्न सक्दछन । आर्थिक रुपले सहयोग गर्ने निकायले गरेको आर्थिक सहयोगलाई एकद्वार प्रणालि मार्फत कार्य सम्पादन गर्न तथा सामाजिक उत्तरदायित्व अन्तरगत संचालन गरिने कार्यक्रमलाई मार्गदर्शन गर्न स्थानीय सरकार ऐन, २०७४ को दफा १०२(२) र रामग्राम नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी रामग्राम नगरपालिकाले यो सामाजिक उत्तरदायित्व सम्बन्धी कोष संचालन कार्यविधि, २०८१ तयार गरी कार्यान्वियनमा ल्याएको छ।

## परिच्छेद – १
## संक्षिप्त नाम र प्रारम्भ

१. सक्षिप्त नाम र प्रारम्भः

यस कार्यविधि को नाम **सामाजिक उत्तरदायित्व सम्बन्धी कोष सञ्चालन कार्यविधि, २०८१** रहेको छ ।

यो कार्यविधि रागम्राम नगरपालिकाको नगरकार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२.परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधि मा,

"ऐन" भन्नाले स्थानीय सरकार ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

"नियमावली" भन्नाले स्थानीय सरकार ऐन, २०७४ बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ।

"आर्थिक नियम" भन्नाले सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित नगरपालिकाको आर्थिक कार्यप्रणाली संचालन गर्ने कानून सम्झनु पर्दछ ।

"कोष" भन्नाले स्थानीय सरकार ऐन, २०७४ बमोजिम नगरपालिका क्षेत्र भित्र सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरु कार्यसम्पादन गर्न सरकारी तथा गैर सरकारी निकायहरुले नगरपालिकाको कोषमा जम्मा गरेको रकमालाई सम्झनु पर्दछ ।

"नगरपालिका" भन्नाले रामग्राम नगरपालिका र वडा कार्यालय समेतलाई सम्झनु पर्दछ ।

"संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्दछ ।

"नगर सभा" भन्नाले स्थानीय सरकार संचालन ऐन बमोजिम गठन हुने नगरसभा सम्झनु पर्दछ ।

"कार्यपालिका" भन्नाले स्थानीय सरकार ऐन, २०७४ बमोजिमको नगरकार्यपालिका सम्झनु पर्दछ।

"स्थानीय तह" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गठन हुने गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्दछ ।

"समिति" भन्नाले कोष सञ्चालनको लागि गठन गरिएको समिति सम्झनुपर्दछ ।

"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामग्राम नगरपालिकाको कार्यालयमा कार्यरत ऐनको दफा ८४ बमोजिमको अधिकारीलाई सम्झनु पर्दछ ।

"मन्त्रालय" भन्नाले नेपाल सरकार तथा प्रदेश सरकारका स्थानीय तहलाई समन्वय, सम्पर्कका लागि तोकिएको मन्त्रालयलाई सम्झनु पर्दछ ।

"संयोजक" भन्नाले कोष संचालन समितिका संयोजकलाई सम्झनु पर्दछ ।

"सदस्य सचिव" भन्नाले कोष परिचालन समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

"गैह्र सरकारी संस्था" भन्नाले जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारको विभिन्न निकायमा विधिबत रुपमा दर्ता भएका सामाजिक संस्थाहरु, नाफा आर्जन गर्ने संस्थाहरुलाई सम्झनु पर्दछ ।

"सामाजिक उत्तरदायित्व" भन्नाले नगरपालिका क्षेत्र भित्र सामाजिक उत्तरदायित्वका लागि नगरपालिका भित्र स्थापना भएका उद्योग/व्यवसाय र आर्थिक कारोवार गर्ने वित्तिय संस्थाहरुले कानून बमोजिम CSR वहन गरिने दफा ९ बमोजिमका कार्यक्रमहरु सम्झनु पर्दछ ।

## ३. कार्यविधिको उद्देश्यः

यस कार्यविधिको प्रमुख उद्देश्य रामग्राम नगरपालिका भित्र रहेका सरकारी तथा गैरसरकारी निकायहरुले सामाजिक उत्तरदायित्वको कार्यक्रम अन्तरगत संचालन गरिने कार्यक्रमहरुलाई एकीकृत गरी एकद्वार प्रणाली मार्फत संचालन गर्न रहेको छ । यस बाहेकमा अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छनः

१. नगरपालिका क्षेत्र भित्र रहेका बिभिन्न सरकारी निकायहरु, उद्योग, बैंक, वित्तीय संस्थाहरु, गैरसरकारी सस्थाहरु लगायतका सार्वजनिक उत्तरदायित्व अन्तरगन कार्य गर्ने अन्य संस्था, व्यक्तिहरुले संचालन गर्ने कार्यक्रमहरुमा एकरुपता दिने, समन्वय गर्ने ।

२. सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु संचालनका लागि आर्थिक स्रोतको संकलन र व्यवस्थापन गर्ने ।

३. सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु संचालन गर्नका लागि स्थानीयस्तरका बिभिन्न संस्थाहरु तथा समुदायको अपनत्व बृद्धि गर्ने

४. सामाजिक क्षेत्रका कार्यहरुमा स्थानीय श्रोत र साधनहरुको व्यवस्थित रुपमा परिचालन गर्ने ।

५. सामाजिक उत्तरदायित्वका कार्यक्रमबाट संकलित रकमलाई सामाजिक हितमा प्रयोग गर्ने।

६. सामाजिक उत्तरदायित्वको रकमबाट सम्बन्धित क्षेत्रको क्षमता विकास तथा दैविक प्रकोपमा खर्च गर्ने ।

## ४. कार्यविधि को कार्य क्षेत्र र सीमाः

यस कार्यविधिमा सामाजिक उत्तरदारदायित्व सम्बन्धी कोष परिचालनका लागि आवश्यक पर्ने व्यवस्थापकीय तथा संस्थापकीय पक्षलाई समेटिएको छ । रामग्राम नगरपालिकाले आफनो प्रयोजनका लागि मात्र यो कार्यविधि

बनाएको हुँदा यसको कार्य सीमा रामग्राम नगरपालिकाको सबै क्षेत्रमा मात्र रहने छ । साथै ऐन, नियम, आर्थिक नियम, प्रचलित नीतिगत व्यवस्थाहरुका प्रावधान समेत यसमा आकर्षित हुने हुँदा यो कार्यविधिलाई नगरपालिका क्षेत्रमा काम गर्ने बिभिन्न सरकारी, गैर सरकारी, बैंक तथा वित्तीय संस्था तथा निजी क्षेत्रका तहलाई समेत मार्गदर्शनको रुपमा लिन सकिने छ ।

**५. बैंक तथा वित्तीय क्षेत्र र गैरसरकारी संस्थालाई प्रोत्साहित गर्नुपर्नेः**

नगरपालिकाको क्षेत्रभित्र सामाजिक उत्तरदायी सम्बन्धी कार्यहरु गर्नका लागि कार्यक्रमको पहिचान, तर्जुमा, सञ्चालन, रेखदेख, गर्ने कार्यका लागि बैंक तथा वित्तीय क्षेत्र र गैर सरकारी संस्थालाई प्रोत्साहित गर्नु पर्नेछ । यसरी सञ्चालित कार्यक्रमहरुमा सार्वजनिक उत्तरदायित्व कार्यका लागि रकम विनियोजन गर्ने संस्था, निकायहरुले नगरपालिकाको निर्णय बमोजिम कार्यक्रम संचालन समेत गर्न सक्नेछन ।

## परिच्छेद २
## सामाजिक उत्तरदायित्व सम्बन्धी नीति तथा कार्यनीतिहरु

**६. नीतिः**

नगर क्षेत्र भित्रका सामाजिक उत्तरदायित्वको क्षेत्रमा काम गर्ने निकाय, व्यक्तिहरुका कार्यक्रमलाई समन्वय गरी एकद्वार प्रणाली मार्फत कार्यक्रम सञ्चालन गरिनेछ । सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु सञ्चालन गर्न्दा सकेसम्म नगरका सबै क्षेत्रमा सञ्चालन गर्न नगरपालिकाले अनुकूल वातावरण तयार गर्ने नीति अवलम्बन गर्नेछ।

**७. कार्यनीतिः**

यस कार्यविधिको नीति कार्यान्वयन गर्नका लागि नगरपालिकाबाट देहाय अनुसारका कार्यनीतिहरु अवलम्बन गरिनेछः

१. सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु संचालन गर्दा भरसक सम्बन्धित संस्थाहरुको प्रतिनिधित्व हने व्यवस्था मिलाइनेछ ।

२. नगर क्षेत्र भित्र कार्यक्षेत्र र कार्यालय रहेका बैंक तथा वित्तीय संस्थाहरु, उद्योगहरु, गैर सरकारी निकायहरु र नगरबासीलाई सामाजिक उत्तरदायित्व कोषमा योगदान गर्नका लागि उत्प्रेरित गरिनेछ ।

३. सामाजिक उत्तरदायित्व कोषमा योगदान गर्ने, कार्यक्रम संचालन गर्ने निकाय, व्यक्तिलाई आवश्यक सहजीकरण र समन्वय गरिनेछ ।

४. सामाजिक उत्तरदायित्वका कार्यक्रममा आवश्यक सहयोग र कार्यक्रम कार्यान्वयका लागि उपभोक्ता समितिहरु, टोल विकास संस्थाहरु, सामाजिक संस्थाहरुलाई परिचान गरिनेछ ।

५. सामाजिक उत्तरदायित्वको कार्यक्रम संचालनका लागि सहयोग गर्ने निकाय वा व्यक्तिको कार्यक्रम संचालन कै बखत सौजन्यको रुपमा उल्लेख गर्ने वा एकमुष्ठ रुपमा सहयोग गर्ने हरुको नाम सार्वजनिकरण गरी प्रचार प्रसार गरिनेछ ।

६. कार्यक्रम संचालन गर्दा नगरपालिकाको नीति भन्दा बाहिर भई कुनै व्यक्ति विशेषका लागि कार्यक्रम गरिने छैन ।

७. नगरपालिकाको बार्षिक बजेट, नीति तथा कार्यक्रम तयार गर्दा कै बखत सामाजिक उत्तरदायित्व अन्तरगत संचालन गरिने कार्यक्रमहरुको छनौट वा मार्गदर्शन तय गरिनेछ ।

८. कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित कानून बमोजिमको प्रकृया पुरा गरी संचालन गरिनेछ ।

९. कार्यक्रमको सरोकारवालाहरुको सहभागितामा समीक्षा गरी आवश्यक सुधार गर्दै लगिनेछ।

## परिच्छेद– ३
## कोष व्यवस्थापन सम्बन्धी व्यवस्था

**८. कोषको स्थापना र खाता सञ्चालनः**

नगर सभाको निर्णय बमोजिम एक सामाजिक उत्तरदायित्व विशेष कोष स्थापना गरिनेछ । सामाजिक उत्तरदायित्व विशेष कोषमा देहायका रकमहरु रहनेछनः

(क) सामाजिक उत्तरदायित्व कोषका लागि प्रत्येक आर्थिक वर्षमा नगर सभाले आफनो कोषमा जम्मा भएको आन्तरिक आयबाट विनियोजन गरेको रकम,

(ख) बैक तथा वित्तीय संस्थाहरु, उद्योगहरु तथा अन्य कुनै व्यक्ति वा संस्थाद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(ग) नगर सभा वा कार्यपालिकाको स्वीकृतिमा प्राप्त अन्य रकम,

(घ) नेपाल सरकार, प्रदेश सरकारबाट विनियोजित रकम,

(ङ) अन्य विविध श्रोतबाट प्राप्त रकम ।

कार्यपालिकाको निर्णयवाट सामाजिक उत्तरदायित्व कोष स्थापना गरी कानून बमोजिम सञ्चालन गरिनेछ ।

यस कोषको खाता सञ्चालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट गरिनेछ ।

कोषको रकम कार्यक्रम संचालन गर्ने कार्य बाहेक बैठक भत्ता वा अन्य कुनै प्रशासनिक कार्यमा खर्च गरिने छैन।

**९. कोषको प्रयोगः**

कोषको रकम देहाय बमोजिमको क्षेत्र वा कार्यको लागि प्रयोग गरिनेछ ।

१. गरिब, पिछडिएका वर्ग वा अपांगता भएका जेहन्दार विद्यार्थीलाई दिइने छात्रबृत्ती, स-साना विद्यालय पूर्वाधार निर्माण, संस्थागत विद्यालयमा फर्निचर फिक्चर्स, कम्प्युटर प्रिन्टर लगायत शैक्षिक सामग्रीहरुको वितरण, खेलकूद कार्यक्रम संचालन लगायतका शैक्षिक तथा खेलकूद सम्बन्धी कार्यहरु,

२. स्वास्थ्य संस्थाहरुमा आधारभूत स्वास्थ्य उपकरण तथा स्वास्थ्य सामग्रीहरुको वितरण, स-साना स्वास्थ्य पूर्वाधार निर्माण, निशुल्क स्वास्थ्य शिविर संचालन, रक्तदान कार्यक्रम संचालन, न्यून आयभएका व्यक्तिहरुका लागि जटिल स्वास्थ्य उपचारका लागि अस्पतालसँग सहकार्य जस्ता स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु,

३. सार्वजनिक स्थलहरुमा खानेपानीको प्रबन्ध मिलाउने कार्यहरु, पिछडिएका वर्गको आय आर्जनका लागि कृषि, साना उद्यम विकास सम्बन्धी कार्यमा सहयोग पुर्याउने कार्यहरु,

४. कमजोर आर्थिक अवस्था भएका अपांगता भएका व्यक्तिहरुका लागि वैशाखी, व्हिल चियर, मेडिकल बेड, सन्न सहयोग परयाउने सामग्री लगायत अपांगता भएका व्यक्तिलाई मद्दत पुग्ने कार्यहरु,

५. सरकारी निकायबाट संचालित बृद्धश्रम, बालगृह, अनाथालयमा सहयोग तथा माननव बेचबिखन विरुद्धका कार्यक्रममा सहकार्य सम्बन्धि कार्यहरु,

६. बाढि, शीतलहर, आगजनी लगायतका विपद्जन्य कार्यमा सहयोग पुर्याउने कार्यहरु,

७. कला, संस्कृति, सम्पदाहरुको संरक्षण संवद्र्धन गर्ने कार्यहहरु,

८. बृक्षारोपण, सरसफाइ, फोहरमैला व्यवस्थापन, प्रदुषण न्यूनीकरण लगायतका वातावरण संरक्षणसँग सम्बन्धित कार्यहरु, सार्वजनिक शौचालय निर्माण तथा संचालन सम्बन्धी कार्यहरु,

९. वित्तीय साक्षरता सम्बन्धी कार्यहरु,

१०.दिगो विकासका लक्ष्यहरु प्राप्ती सम्बन्धी कार्यहरु,

११.शवदाहगृह निर्माण तथा संचालन सम्बन्धी कार्यहरु,

१२.ट्राफिक व्यवस्थापन, यात्रु प्रतिक्षालय निर्माण सम्बन्धी कार्यहरु,

१३.नगरपालिकाले तोकेका अन्य कार्यहरु ।

**१०.नपुग रकमको व्यवस्थाः**

रकम अभाव भई संचालित कार्यक्रमहरुमा प्रत्यक्ष असर पर्ने अवस्था भएमा व्यवस्थापन समितिले औचित्य हेरी नपुग रकमका लागि नगर कार्यपालिकामा आवश्यक व्यवस्थाका लागि अनुरोध गर्नु पर्नेछ ।

## परिच्छेद– ४
## कार्यान्वयन व्यवस्थापन

**११. कार्यान्वयन व्यवस्थापनः**

छनौट गरिएका कार्यक्रमहरुको प्रचलित आर्थिक कानून बमोजिम कार्यान्वयन गरिनेछ । नगरपालिकामा सामाजिक उत्तरदायित्व सम्बन्धी कार्य व्यवस्थित रुपमा कार्यान्वयनमा तथा कोष व्यवस्थापनका लागि एक समिति रहनेछ ।

दफा (२) बमोजिम गठित समितिमा देहाय बमोजिमका पदाधिकारीहरु संयोजक तथा सदस्य रहनेछनः

(क) नगर प्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) नगरपालिकाकाको सामाजिक विकास समतिको संयोजक -सदस्य

(घ) सम्बन्धित सरोकारवालाहरु मध्येबाट समितिले छनौट गरेका व्यक्ति वा संस्था मध्ये ३ जना -सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य सचिव

यस कार्यविधि बमोजिम गठित समितिको नियमित वैठकमा कामसँग सम्बन्धित कुनै पदाधिकारु, कर्मचारी वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

आमन्त्रित पदाधिकारीले पनि वैठकमा उपस्थित भए वापत अन्य पदाधिकारीले पाए सरहको सुविधा पाउनेछ । समितिले आफ्नो कामको प्रगति प्रतिवादी वार्षिक रुपमा कार्यपालिकामा पेश गर्नुपर्ने छ ।

**१२.समितिको काम, कर्तव्य र अधिकारः**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)आगामी आर्थिक वर्षमा नगरमा संचालन गर्नुपर्ने सामाजिक उत्तरदायित्वका कार्यक्रमहरुको विवरण नगर कार्यपालिकामा पेश गर्ने ।

(ख)कोषको लागि वार्षिक रुपमा आवश्यक पर्ने रकमको कार्य योजना बनाई कार्यान्वयन गर्ने । (ग)कोषमा आवश्यक रकम जुटाउने तर्फ आवश्यक पहल गर्ने ।

(घ)बिभिन्न सरकारी तथा गैर सरकारी तहहरुसंग नगरपालिकाको सहमतिमा कार्यक्रमहरु उपलब्ध गराउने तर्फ आवश्यक पहल गर्ने ।

(ङ)प्रगति विवरण नगर कार्यपालिकामा पेश गर्ने ।

**१३.समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः**

समितिका पदाधिकारीहरुकौ काम कर्तव्य र अधिकार दहायबमोजिम हुनेछ

(क) संयोजकको काम, कर्तव्य र अधिकारः

१. समितिको बैठकको अध्यक्षता गर्ने ।
२. कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने ।
३. कोष सम्बन्धी सम्पूर्ण उत्तरदायित्व बहन गर्ने ।
४. प्रस्तावित बजेटमा समावेश गरी नगर सभामा पेश गर्ने व्यवस्था मिलाउने ।
५. कार्यक्रमहरुको विवरण समयमा नै संकलन गरि राख्ने व्यवस्था मिलाउने ।

(ख) सदस्य– सचिवको काम, कर्तव्य र अधिकारः

१. कोषको कार्यालय सञ्चालन गर्ने ।
२. बैठकको निर्णय अभिलेख गरी राख्ने ।
३. बैठकको निर्णय कार्यान्वयन गर्ने ।
४. संयोजकको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने, गराउने ।
५. कोषको सञ्चालन सम्बन्धी श्रेस्ता तथा चल अचल सम्पत्तिको जिम्मा लेखांकन गर्ने।
६. वार्षिक प्रतिवेदन समितिमा पेश गर्ने ।

(ग) सदस्यको काम, कर्तव्य र अधिकारः

१. समितिको बैठकमा नियमित रूपमा भाग लिने ।
२. निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।
३. कोषको प्रवद्र्धन र कार्यक्रमको हित हुने कार्य प्रस्ताव गर्ने ।
४. संयोजकको निर्देशन अनुसार अन्य आवश्यक कार्य गर्ने, गराउने ।

## परिच्छेद-५

## विविध

**१४. अनुगमन तथा मूल्यांकनः**

नगरपालिकाको सामाजिक उत्तरदायित्व कोष परिचालनका सन्दर्भमा अनुगमन तथा मूल्यांकन व्यवस्था देहाय अनुसार गरिनेछः

(क)नगरपालिकाको कार्यालयले यस कार्यक्रमको कार्यान्वयनका सन्दर्भमा अनुगमन, निरीक्षण तथा मूल्यांकन गर्दा गठित समितिबाट हुनेछ ।

(ख)कार्यक्रम संचालन गर्दा सरोकारवाला निकाय वा व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग)कार्यक्रमको अन्तिम किस्ता रकम अनुगमन तथा मूल्यांकनका आधारमा दिइनेछ ।

(घ)अनुगमन तथा मूल्यांकनका आधारमा कार्यक्रमहरुको फरफारक गरिनेछ ।

(ङ)अनुगमन तथा मूल्यांकन सम्बन्धी खर्चको व्यवस्था नगरपालिकाको कार्यालयले मिलाउनु पर्नेछ ।

**बाधा नहुनेः**

आर्थिक रुपले कोषमा योगदान नगरेका व्यक्ति निकाय वा संस्था भएता पनि यस कार्यविधिमा उल्लेख भएका क्षेत्रमा नगरपालिकाको स्वीकृतीले सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रम संचालन गर्न यो कार्यविधि बाधक हुनेछैन ।

**१६.पुरस्कार वा सम्मानः**

कोषमा योगदान पुर्याउने वा कार्यक्रम संचालनमा उल्लेख्य योगदान पुर्याउने व्यक्ति वा निकायलाई नगरपालिकाले पुरस्कार वा सम्मान गर्न सक्नेछ ।

**१७. संशोधन तथा बचाउः**

यस कार्यविधि मा उल्लेखित कुराहरुमा कुनै संशोधन गर्नु परेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधिभित्र रही कार्यपालिकाले गर्न सक्छ । यस कार्यविधि मा उल्लेख गरिएका कुराहरुका हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ । कार्यविधिमा लेखिएका कुराहरु प्रचलित कानूनसग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ। कार्यविधि स्वीकृत हुनु अघि संचालन गरिएका सम्पूर्ण कार्यक्रमहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**प्रमाणीकरण मितिः २०८०/०८/१९**

आज्ञाले<br>
मोहन अर्याल<br>
प्रमुख प्रशासकीय अधिकृत